# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. २, जनकपुरधाम

## प्रशासन शाखा

## प्रदेश निजामती सेवाका सहायक पाँचौं र चौथो (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

**सूचना नं. २/०७८-७९** **प्रकाशन मिति : २०७८/४/२८**

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२ को वेबसाइट **ppsc.p2.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ङ) दरखास्त दस्तुर सहायक पाँचौं तहको लागि रु.४००।- (चार सय) र सहायक चौथो तहको लागि रु.३००।- (तीन सय) बुझाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधामको कार्यालय कोड: २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मिति :- २०७८/५/१६ र दोब्बर दस्तुर तिरी २०७८/५/२३ सम्म

**क) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक)**

**अ) सहायक पाँचौं तहको स्वास्थ्य सेवा वाहेकका सेवा तर्फः**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १/०७८-७९ | नायब सुब्बा, प्रशासन, सा.प्र. | २२(बाइस) |
| २ | २/०७८-७९ | लेखापाल, प्रशासन, लेखा | ९(नौ) |
| ३ | ३/०७८-७९ | नायब सुब्बा, प्रशासन, राजश्व | २(दुई) |
| ४ | ४/०७८-७९ | सब ईन्जिनियर, ईन्जि., सिभिल, इरिगेशन | १(एक) |
| ५ | ५/०७८-७९ | सब ईन्जिनियर, ईन्जि., सिभिल, जनरल | २(दुई) |
| ६ | ६/०७८-७९ | सब ईन्जिनियर, ईन्जि., सिभिल, वि.एण्ड आर. | ३(तीन) |
| ७ | ७/०७८-७९ | सब ईन्जिनियर, ईन्जि., सिभिल, हाइवे | १(एक) |
| ८ | ८/०७८-७९ | ल्याब टेक्निसियन, ईन्जि., सिभिल, जनरल | २(दुई) |
| ९ | ९/०७८-७९ | अ.ग.हा.जी., ईन्जि., जियोलोजी, हाइड्रोजियोलोजी | १(एक) |
| १० | १०/०७८-७९ | प्राविधिक सहायक, कृषि, कृषि प्रसार | १(एक) |
| ११ | ११/०७८-७९ | प्राविधिक सहायक, कृषि, कृषि एग्री.इको. एण्ड मार्केटिङ्ग | १(एक) |
| १२ | १२/०७८-७९ | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | १(एक) |
| १३ | १३/०७८-७९ | प्राविधिक सहायक, कृषि, मत्स्य | १(एक) |
| १४ | १४/०७८-७९ | प्राविधिक सहायक, कृषि, बागवानी | २(दुई) |
| १५ | १५/०७८-७९ | भु-संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | १(एक) |
| १६ | १६/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | १४(चौध) |
| १७ | १७/०७८-७९ | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ३(तीन) |

**आ) सहायक पाँचौं तहको स्वास्थ्य सेवा तर्फः**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | १८/०७८-७९ | हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हे.ई. | २(दुई) |
| २ | १९/०७८-७९ | फार्मेसी सुपरभाइजर निरिक्षक, स्वास्थ्य, फार्मेसी | २(दुई) |
| ३ | २०/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | ६(छ) |

**ख) सहायक चौथो तह (अप्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १ | २१/०७८-७९ | खरिदार, प्रशासन, सामान्य प्रशासन | १(एक) |

## प्रदेश निजामती सेवाका सहायक पाँचौं र चौथो तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी र अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं.३/०७८-७९** **प्रकाशन मिति : २०७८/४/२८**

प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **ppsconline.p2.gov.np** मार्फत आवेदन दिनुपर्नेछ ।

**१) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुन: विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| (अ) | **अप्राविधिकतर्फ सहायक पाँचौं तह** | | | | | |
| १ | २२/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | खुला | | १४(चौध) | १४(चौध) |
| | | प्रशासन, लेखा | | | ६(छ) | ६(छ) |
| | | प्रशासन, राजश्व | | | २(दुई) | २(दुई) |
| | | **जम्मा** | | | **२२(बाइस)** | **२२(बाइस)** |
| २ | २३/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | ४(चार) | ४(चार) |
| | | प्रशासन, लेखा | | | २(दुई) | २(दुई) |
| | | प्रशासन, राजश्व | | | १(एक) | १(एक) |
| | | **जम्मा** | | | **७(सात)** | **७(सात)** |
| ३ | २४/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | ३(तीन) | ३(तीन) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | **जम्मा** | | | **४(चार)** | **४(चार)** |
| ४ | २५/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १(एक) | १(एक) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | **जम्मा** | | | **२(दुई)** | **२(दुई)** |
| ५ | २६/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | दलित | | १(एक) | १(एक) |
| ६ | २७/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | | १(एक) | १(एक) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | **जम्मा** | | | **२(दुई)** | **२(दुई)** |
| ७ | २८/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | १(एक) | १(एक) |
| ८ | २९/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | आ.ज. महिला | | १(एक) | १(एक) |
| ९ | ३०/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | थारु महिला | | १(एक) | १(एक) |
| १० | ३१/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | ५(पांच) | ५(पांच) |
| | | प्रशासन, लेखा | | | २(दुई) | २(दुई) |
| | | प्रशासन, राजश्व | | | १(एक) | १(एक) |
| | | **जम्मा** | | | **८(आठ)** | **८(आठ)** |

| (आ) | क) प्राविधिकतर्फ सहायक पाँचौं तह (स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ) | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ३२/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | | १(एक) | १(एक) |
| २ | ३३/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, जनरल | मधेशी महिला | | १(एक) | १(एक) |
| ३ | ३४/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, हाइवे | खुला | | १(एक) | १(एक) |
| ४ | ३५/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, हाइवे | मधेशी महिला | | १(एक) | १(एक) |
| ५ | ३६/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, वि.एण्ड आर. | खुला | | २(दुई) | २(दुई) |
| ६ | ३७/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, वि.एण्ड आर. | मधेशी महिला | | १(एक) | १(एक) |
| ७ | ३८/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, वि.एण्ड आर. | अन्तर सेवा | | १(एक) | १(एक) |
| ८ | ३९/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, इरिगेशन | खुला | | १(एक) | १(एक) |
| ९ | ४०/०७८-७९ | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, इरिगेशन | मधेशी महिला | | १(एक) | १(एक) |
| १० | ४१/०७८-७९ | अ.ग.हा.जी., ईन्जि., जियोलोजी, हाइड्रोजियोलोजी | खुला | | १(एक) | १(एक) |
| ११ | ४२/०७८-७९ | रेफ्रिजरेटर टेक्निसीयत, ईन्जि., इलेक्ट्रिकल | खुला | | १(एक) | १(एक) |
| १२ | ४३/०७८-७९ | ल्याब टेक्निसियन, इन्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | | २(दुई) | २(दुई) |
| १३ | ४४/०७८-७९ | ल्याब टेक्निसियन, इन्जिनियरिङ्ग, सिभिल, जनरल | मधेशी महिला | | १(एक) | १(एक) |
| १४ | ४५/०७८-७९ | प्राविधिक सहायक, कृषि, कृषि प्रसार | खुला | | १(एक) | १(एक) |
| १५ | ४६/०७८-७९ | प्राविधिक सहायक, कृषि, वागवानी | खुला | | १(एक) | १(एक) |
| १६ | ४७/०७८-७९ | प्राविधिक सहायक, कृषि, वागवानी | मधेशी महिला | | १(एक) | १(एक) |
| १७ | ४८/०७८-७९ | प्राविधिक सहायक, कृषि, वाली विकास | खुला | | १(एक) | १(एक) |
| १८ | ४९/०७८-७९ | प्राविधिक सहायक, कृषि, माटो विज्ञान | खुला | | १(एक) | १(एक) |
| १९ | ५०/०७८-७९ | प्राविधिक सहायक, कृषि, मत्स्य | खुला | | १(एक) | १(एक) |
| २० | ५१/०७८-७९ | प्राविधिक सहायक, कृषि, मत्स्य | मधेशी महिला | | १(एक) | १(एक) |
| २१ | ५२/०७८-७९ | प्राविधिक सहायक, कृषि, एगृ.इको. एण्ड मार्केटिङ्ग | खुला | | १(एक) | १(एक) |
| २२ | ५३/०७८-७९ | प्राविधिक सहायक, कृषि, एगृ.इको. एण्ड मार्केटिङ्ग | मधेशी महिला | | १(एक) | १(एक) |
| २३ | ५४/०७८-७९ | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | खुला | | १(एक) | १(एक) |
| २४ | ५५/०७८-७९ | प्राविधिक सहायक, कृषि, खा.पो.गु.नी. | खुला | | १(एक) | १(एक) |
| २५ | ५६/०७८-७९ | प्राविधिक सहायक, कृषि, कृषि इन्जिनियर | खुला | | १(एक) | १(एक) |
| २६ | ५७/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | खुला | | ९(नौ) | ९(नौ) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | ५८/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | मधेशी महिला | | ३(तीन) | ३(तीन) |
| २८ | ५९/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | मधेशी | | २(दुई) | २(दुई) |
| २९ | ६०/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | दलित महिला | | १(एक) | १(एक) |
| ३० | ६१/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | मुस्लिम महिला | | १(एक) | १(एक) |
| ३१ | ६२/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | आ.ज. महिला | | १(एक) | १(एक) |
| ३२ | ६३/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | थारु महिला | | १(एक) | १(एक) |
| ३३ | ६४/०७८-७९ | रेन्जर, वन, जनरल फरेष्ट्री | अन्तर सेवा | | ३(तीन) | ३(तीन) |
| ३४ | ६५/०७८-७९ | भु संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | खुला | | १(एक) | १(एक) |
| ३५ | ६६/०७८-७९ | भु संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | मधेशी महिला | | १(एक) | १(एक) |
| ३६ | ६७/०७८-७९ | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | | २(दुई) | २(दुई) |
| ३७ | ६८/०७८-७९ | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | मधेशी महिला | | १(एक) | १(एक) |
| ३८ | ६९/०७८-७९ | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | अन्तर सेवा | | १(एक) | १(एक) |
| | **ख) प्राविधिकतर्फ सहायक पाँचौं तह (स्वास्थ्य सेवा तर्फ)** | | | | | |
| १ | ७०/०७८-७९ | हेल्थ असिस्टेन्ट, स्वास्थ्य, हे.ई. | खुला | | २(दुई) | २(दुई) |
| २ | ७१/०७८-७९ | हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हे.ई. | मधेशी महिला | | १(एक) | १(एक) |
| ३ | ७२/०७८-७९ | फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी | खुला | | १(एक) | १(एक) |
| ४ | ७३/०७८-७९ | फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी | मधेशी महिला | | १(एक) | १(एक) |
| ५ | ७४/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | खुला | | ५(पाँच) | ५(पाँच) |
| ६ | ७५/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | मधेशी महिला | | १(एक) | १(एक) |
| ७ | ७६/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | मधेशी | | १(एक) | १(एक) |
| ८ | ७७/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | दलित महिला | | १(एक) | १(एक) |
| ९ | ७८/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | मुस्लिम महिला | | १(एक) | १(एक) |
| १० | ७९/०७८-७९ | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | अन्तर सेवा | | १(एक) | १(एक) |
| ११ | ८०/०७८-७९ | प.हे.न., स्वास्थ्य, क.न. | खुला | | १(एक) | १(एक) |
| १२ | ८१/०७८-७९ | मे.रे.सु., स्वास्थ्य, मेडिकल रेकर्डर | खुला | | १(एक) | १(एक) |
| १३ | ८२/०७८-७९ | ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | खुला | | १(एक) | १(एक) |
| १४ | ८३/०७८-७९ | कोल्डचेन सुपरभाइजर, स्वास्थ्य, हे.ई. | खुला | | १(एक) | १(एक) |

**२) सहायक चौथौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **(अ)** | **अप्राविधिकतर्फ सहायक चौथौं तह** | | | | | |
| १ | ८४/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | खुला | | ७(सात) | ७(सात) |
| | | प्रशासन, लेखा | | | १(एक) | १(एक) |
| | | | | **जम्मा** | **८(आठ)** | **८(आठ)** |
| २ | ८५/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | २(दुई) | २(दुई) |
| ३ | ८६/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मधेशी | | २(दुई) | २(दुई) |
| ४ | ८७/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १(एक) | १(एक) |
| ५ | ८८/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | | १(एक) | १(एक) |
| ६ | ८९/०७८-७९ | प्रशासन, सामान्य प्रशासन | आ.ज. महिला | | १(एक) | १(एक) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **(आ)** | **क) प्राविधिकतर्फ सहायक चौथौं तह (स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ)** | | | | | |
| १ | ९०/०७८-७९ | ना.प्रा.स., कृषि, बाली संरक्षण | खुला | | १(एक) | १(एक) |
| २ | ९१/०७८-७९ | ना.प्रा.स., कृषि, मत्स्य | खुला | | ३(तीन) | ३(तीन) |
| ३ | ९२/०७८-७९ | ना.प्रा.स., कृषि, मत्स्य | मधेशी महिला | | १(एक) | १(एक) |
| ४ | ९३/०७८-७९ | ना.प्रा.स., कृषि, मत्स्य | दलित महिला | | १(एक) | १(एक) |
| ५ | ९४/०७८-७९ | नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | खुला | | २(दुई) | २(दुई) |
| ६ | ९५/०७८-७९ | नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | मधेशी महिला | | १(एक) | १(एक) |
| ७ | ९६/०७८-७९ | नायव पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | दलित महिला | | १(एक) | १(एक) |
| ८ | ९७/०७८-७९ | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | खुला | | २(दुई) | २(दुई) |
| ९ | ९८/०७८-७९ | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | मधेशी महिला | | १(एक) | १(एक) |
| १० | ९९/०७८-७९ | नायव पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | दलित महिला | | १(एक) | १(एक) |
| | **ख) प्राविधिकतर्फ सहायक चौथौं तह (स्वास्थ्य सेवा तर्फ)** | | | | | |
| १ | १००/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | खुला | | ८(आठ) | ८(आठ) |
| २ | १०१/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | मधेशी महिला | | २(दुई) | २(दुई) |
| ३ | १०२/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | मधेशी | | २(दुई) | २(दुई) |
| ४ | १०३/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | दलित महिला | | १(एक) | १(एक) |
| ५ | १०४/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | मुस्लिम महिला | | १(एक) | १(एक) |
| ६ | १०५/०७८-७९ | अ.न.मी., स्वास्थ्य, क.न. | आ.ज. महिला | | १(एक) | १(एक) |
| ७ | १०६/०७८-७९ | बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध | खुला | | २(दुई) | २(दुई) |
| ८ | १०७/०७८-७९ | बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध | मधेशी महिला | | १(एक) | १(एक) |
| ९ | १०८/०७८-७९ | बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध | दलित महिला | | १(एक) | १(एक) |

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।
परीक्षा केन्द्र :- जनकपुरधाम ।
दरखास्त दस्तुर :- सहायक पाँचौं तहको लागि रु. ४००।- (चार सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक (खुला, समावेशी र अन्तर सेवा) का लागि रु.२००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ ।
सहायक चौथो तहको लागि रु.३०० (तीन सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक (खुला, समावेशी र अन्तर सेवा) का लागि रु.१५०।- (एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ ।
दरखास्त दिने अन्तिम मिति :- २०७८/५/१६ र दोब्बर दस्तुर तिरी २०७८/५/२३ सम्म ।

उम्मेदवारको उमेरको हद :-
- २०७८/५/१६ सम्म १८ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
- इन्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको ।
- वहालवाला निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :– प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचरमा Master ID लेखी Scan गरी Online Application भर्दा तोकिएको स्थानमा Upload गर्नुपर्नेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी
तलब :- प्रदेश नं.२ कानून बमोजिम ।
सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

## प्रदेश निजामती सेवाको खुला तथा समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (अ) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहको लागि** : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
२. **प्रशासन सेवा, राजस्व समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा कानूनमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्कशास्त्र मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
३. **प्रशासन सेवा, लेखा समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह सो सरह उत्तीर्ण ।
४. **इञ्जि., सिभिल, जनरल, सब-इञ्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
५. **इञ्जि., सिभिल, हाइवे, सब-इञ्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
६. **इञ्जि., सिभिल, विल्डिङ एण्ड आर्किटेक्ट, सब-इञ्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
७. **इञ्जि., सिभिल, इरिगेशन, सब-इञ्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
८. **अ.ग.हा.जी., ईञ्जि., जियोलोजी, हाइड्रोजियोलोजी पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी मूल विषय लिई वि.एस्सी. उत्तीर्ण ।
९. **रेफ्रिजरेटर टेक्निसीयन, ईञ्जि., इलेक्ट्रिकल पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१०. **ल्याब टेक्निसियन, इञ्जिनियरिङ्ग, सिभिल, जनरल पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र वा प्रमाणपत्र तह वा सो सरह उपाधि प्राप्त गरि एक महिना स्वायत ल्यावोरेटोरी टेक्निसियनको तालिम प्राप्त ।
११. **कृषि, कृषि प्रसार, वागवानी, बाली विकास, माटो विज्ञान र एगृ.इको.एण्ड मार्केटिङ, प्राविधिक सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।
१२. **कृषि, मत्स्य, प्राविधिक सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशुविज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।
१३. **कृषि, ला.पो.एण्ड डे.डे., पशु सेवा प्राविधिक र भेटेरिनरी, पशु स्वास्थ्य प्राविधिक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।
१४. **कृषि, खा.पो.तथा गु.नि., प्राविधिक सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट खाद्य प्रविधि विषयमा आइ.टेक. उत्तीर्ण वा खाद्य प्रविधि विषयमा ३ वर्ष अवधिको डिप्लोमा तह वा सो सरह उत्तीर्ण ।
१५. **कृषि, कृषि इञ्जिनियरिङ्ग., प्राविधिक सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल/मेकानिकल/एगृ. इञ्जिनियरिङ्ग मध्ये कुनै एक विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१६. **वन, जनरल फरेष्ट्री, रेञ्जर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेशन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१७. **वन, स्वायल एण्ड वाटर कन्जर्भेसन, भू-संरक्षण सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१८. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण, प्राविधिक सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१९. **स्वास्थ्य, हे.ई., हेल्थ असिष्टेण्ट/कोल्डचेन सुपरभाइजर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण ।
२०. **स्वास्थ्य, मेडिकल रेकर्डस्, मेडिकल रेकर्डर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।
२१. **स्वास्थ्य, जनरल नर्सिङ, स्टाफ नर्स पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।

२२. **स्वास्थ्य, फार्मेसी, फार्मेसी सुपरभाइजर/गुणस्तर नियन्त्रण सुपरभाइजर/ल्याब असिष्टेन्ट/फार्मेसी सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।

२३. **स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, ज.मे.ल्या.टे., ल्याब टेक्निसियन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यताप्राप्त शिक्षणसंस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याब टेक्निसियनको दुई वर्ष ६ महिनाको कोर्ष उत्तीर्ण ।

२४. **स्वास्थ्य, क.न., पब्लिक हेल्थ नर्स पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न.वा नर्सिङ्ग विसयमा प्रमाणपत्र तह उत्तिर्ण ।

## (आ) सहायक चौथौं तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ ।

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण ।

२. **प्रशासन सेवा, लेखा समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण ।

३. **कृषि सेवा, बाली संरक्षण समूह, नायब प्राविधिक सहायक पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.(कृषि विज्ञान) विषयमा तालिम प्राप्त वा कृषि विषय लिई टि.एस.एल.सी.उत्तीर्ण ।

४. **कृषि सेवा, मत्स्य समूह, नायब प्राविधिक सहायक पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.(कृषि वा पशु विज्ञान) विषयमा तालिम प्राप्त वा कृषि वा पशु विज्ञान विषय लिई टि.एस.एल.सी.उत्तीर्ण ।

५. **कृषि सेवा, भेटेरिनरी समूह, नायब पशु स्वास्थ्य प्राविधिक, पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.पशु विज्ञान (पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण ।

**नोटः** *मिति २०६९/८/२५ को राजपत्रमा प्रकाशित कृषि सेवाको लागि माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागू हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुनेछ ।*

६. **कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह, नायब पशु सेवा प्राविधिक पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए.(पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशु पालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी.उत्तीर्ण ।

७. **स्वास्थ्य सेवा, क.न., अ.न.मी. पदको लागि :** मान्यता प्राप्त सस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण ।

८. **बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध पदको लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त ।

**नोट :** *ग्रेडिङ्ग पद्धतीबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेको हुनुपर्ने ।*

## (ई) अन्तर सेवाको लागि :

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम हुनेछ ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

(क) मधेसीको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितको हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) मुस्लिमको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मुस्लिम भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात ।

(घ) आदिवासी/जनजातिको हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ङ) थारुको हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट थारु भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट थारु भनी प्रमाणित गराएको कागजात ।

### द्रष्टव्य :

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, प्रदेश नं.२, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(छ) पाठ्यक्रम आयोगको वेबसाइट **ppsc.p2.gov.np** बाट प्राप्त गर्न सकिने छ ।